# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प.सं : ०८२/८३
च.नं : ५५५

**नि:शुल्क जग्गा प्राप्ति सम्बन्धी सार्वजनिक सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति: २०८२।०६।२७)**

धुर्कोट गाउँपालिका, बर्वोट गुल्मीको आयुर्वेद सेवा केन्द्र संचालनका लागि चाहिने आवश्यक भवन तथा पूर्वाधार निर्माण गर्न जग्गा आवश्यक भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम नि:शुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आफुले उपलब्ध गराउन चाहेको जग्गाको क्षेत्रफल खुल्ने पुर्जाको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको साथमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

१. नि:शुल्क रुपमा उपलब्ध गराउने जग्गाको क्षेत्रफल लगभग ३ (तीन) रोपनी हुनुपर्नेछ ।
२. एक वा एक भन्दा बढी जग्गादाताहरुले साँध सिमाना मिलाएर जग्गा उपलब्ध गराउन सकिनेछ ।
३. जग्गा प्राप्त गर्न सकिने क्षेत्र:
   (क) धुर्कोट गाउँपालिकाको केन्द्र बर्वोट आसपासमा
४. खोला तथा जोखिम क्षेत्र नभएको, खानेपानी एंवम विद्युत सेवा विस्तार भएको र भवन बनाउन योग्य रहेको सम्मो जमिन हुनुपर्नेछ ।
५. निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:
   - जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि
   - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
   - जग्गाको नक्साको प्रतिलिपि
   - जग्गादाताको मन्जुरीनामा पत्र
६. जग्गा प्राप्ति सम्बन्धमा कार्यपालिकाले गर्ने निर्णय अन्तिम हुनेछ ।
७. थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क गर्न वा ९८५७०६४७७१ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

e-mail : info@dhurkotmun.gov.np, dhurkotmun@gmail.com
website : www.dhurkotmun.gov.np